# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लौकही, सुनसरी
१ न. प्रदेश, नेपाल

पत्र संख्याः ०७९/८०
चलानी नं १०५२

मितिः २०७९/०९/२६

श्री विद्यालयहरू सबै,
कोशी गाउँपालिका, सुनसरी ।

विषयः निबन्ध प्रतियोगिता सम्वन्धमा ।

प्रस्तुत विषयमा शिक्षा विकाश तथा समन्वय इकाइ सुनसरीको मितिः २०७९/०९/२६ पत्र अनुसार कार्यक्रममा सहभागिता जनाउनु हुन जानकारी साथ अनुरोध छ । शिक्षा विकाश तथा समन्वय इकाइ सुनसरीको पत्र यसै साथ रहेको छ ।

२०७९/०९/२६

बेदराज अधिकारी
शिक्षा शाखा प्रमुख

बैदराज अधिकारी
अधिकृत छैठौं
शिक्षा शाखा प्रमुख

**बोधार्थः**
शिक्षा विकाश तथा समन्वय इकाइ सुनसरी (जानकारीका लागि ।)
सुचना तथा सञ्चार प्रविधि शाखा (Website मा Upload गरिदिनु हुन ।)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
# शिक्षा विकास तथा समन्वय इकाइ, सुनसरी

फोन नं. ०२५५६५१५२

प.स. २०७९/०८०
च.नं :

मिति : २०७९/०९/२६

## विषय :- निबन्ध प्रतियोगिता सम्बन्धमा ।

श्री सवै स्थानीय तह,
सुनसरी ।

प्रस्तुत विषयमा श्री जिल्ला प्रशासन कार्यालय, सुनसरीको च.नं. ३३३, मिति २०७९।०९।२५ गतेको पत्र तथा श्री अख्तयार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको च.नं. ITH-७९८०-३०२४१, मिति २०७९।०९।२५ गतेको पत्रानुसार सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवस माघ २८ गतेको अवसरमा माध्यमिक तह (कक्षा ९ देखि १२) मा अध्ययनरत विद्यार्थीहरुको सहभागितामा **"भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन"** विषयक निवन्ध लेखन प्रतियोगिता संचालन गर्ने कार्यक्रम रहेको हुँदा तँहा पालिका भित्रका माध्यमिक तह (कक्षा ९ देखि १२) मा अध्ययनरत निबन्ध लेखन प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीहरुवीच उल्लिखित विषयमा २५०० देखि ३००० शब्दमा नबढाई नेपाली भाषामा निबन्ध प्रतियोगिता संचालन गराई प्रत्येक स्थानीय तहबाट बढीमा उत्कृष्ट ३ (तीन) वटा निबन्धहरु मिति २०७९।१०।०४ गते भित्र यस कार्यालयमा उपलब्ध गराइ दिने व्यवस्थाको लागि अनुरोध छ ।

साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीको कार्यक्षेत्र भित्रका जिल्लाहरुबाट प्राप्त हुने सम्पूर्ण निबन्धहरु मध्ये उत्कृष्ट निबन्धहरुको मूल्यांकन गरी प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरुलाई क्रमश: रु. १२,०००। (अक्षरेपी बाह्र हजार मात्र), रु. ९,०००। (अक्षरेपी नौ हजार मात्र) र रु. ७,५००। (अक्षरेपी सात हजार पाँच सय मात्र) का दरले आयोगको कार्यालयबाट नगद पुरस्कार सहित प्रमाणपत्र उपलब्ध हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

बोधार्थ :
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरी ।
श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी ।

निर्मल निरौला
नि. इकाई प्रमुख